म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ३३० बिहीबार २८ असार २०८० ने. सं. ११४३ दिल्लाथ्व 13 July 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**ग्राहक वर्गमा हार्दिक अनुरोध**

विद्युत सम्बन्धी कुनैपनि गुनासो वा समस्या भए नेपाल विद्युत प्राधिकरणको हटलाइन नम्बर ११५० डायल गरी निर्देशन बमोजिम ८ थिचि जानकारी गराउनुहोस् हामी तपाईको समस्या समाधान गर्न सदैव तत्पर रहनेछौं ।

**नेपाल विद्युत प्राधिकरण**
(नेपाल सरकारको स्वामित्व)
वितरण तथा ग्राहक सेवा निर्देशनालय
बागमती प्रदेश
**प्रदेश डिभिजन कार्यालय**
भुटनदेवी, हेटौंडा ।

## बागमतीको बजेट खर्चः

# विकासमा कमजोर, तलब भत्तामा अधिक

**निशा गुरुङ**

हेटौंडा, २७ असार/चालू आर्थिक वर्ष २०७९/८० सकिन ४ दिन बाँकी छ । १ साउनदेखि संघीय, प्रदेश र स्थानीय तहको नयाँ बजेट खाता सञ्चालन हुनेछ ।

जसका लागि तीनवटै सरकारले आगामी आर्थिक वर्ष २०८०/८१ का लागि अनुमानित बजेट प्रस्तुत गरिसकेका छन् । अब साउनबाट आगामी आवको बजेट कार्यान्वयनको चरणमा जानेछ । यसैगरी, चालू आव अन्त्यको चार दिन छोडेर ३ सय ६१ दिनमा बागमती प्रदेश सरकारले गरेका बजेट खर्चको अवस्था विश्लेषण सुरु भइसकेको छ । २४ असार राती १२ बजेबाट महालेखा परीक्षकको कार्यालयले सुत्र प्रणाली बन्द गरेसँगै चालू आवको खर्च टुंगिइसकेको छ । २४ असार भित्र प्रक्रिया पुगेर पनि हुन नसकेका खर्चलाई तीनवटै सरकारले आगामी आवमा दायित्व सारेर भुक्तानी दिने गर्दछन् । शीषर्क अनुसार बजेट फ्रिज पनि हुने गरेको छ ।

बागमती देशका सात प्रदेशमध्ये सबैभन्दा ठूलो आकारको बजेट ल्याउने र बढी आम्दानी स्रोत भएको सरकार हो । तर, प्रदेश सरकार स्थापनाको सुरुवाती वर्ष अर्थात २०७५/७६ देखि नै बागमतीको बजेट खर्च निराशाजनक छ । बजेट खर्च निराशाजनक मात्रै छैन, विकास निर्माणमा भन्दा कर्मचारी तथा राजनीतिक नियुक्ति लिएका पदाधिकारीहरुको तलब, भत्ता र कार्यालय सञ्चालनमा बढी खर्च भइरहेको छ । जसको प्रभाव मुलुकको आर्थिक विकाससँग जोडिएको छ ।

बजेट पुँजीगत र चालू खर्चको रुपमा कार्यान्वयन हुने गर्दछ । जसमा पुँजीगत बजेट विकास निर्माणमा हुने खर्च र चालु कर्मचारी तथा पदाधिकारीको तलब, भत्तासहित कार्यालय व्यवस्थापनको खर्च हो । चालू आर्थिक वर्ष २०७९/८०मा बागमती प्रदेशको बजेट खर्च पुँजीगतमा भन्दा चालूमा बढी छ । कार्यकर्ताभर्तीका नाममा हुने गरेका जथाभावि करार कर्मचारी नियुक्ति, कर्मचारीको भ्रमणभत्ता अस्वाभाविक, आवश्यकताका आधारमा नभई राजनीतिक फाइदाका लागि नियुक्ति लिएका पदाधिकारीको अस्वाभाविक सेवासुविधा र आवश्यकता भन्दा बढी खोलिएको कार्यालयको खर्च व्यवस्थापनले सरकारको ढुकुटीमा 'भ्वाङ' पर्दै आइरहेको छ ।

एक वर्षमा उपभोग भएर जाने वा त्यसबाट भविष्यमा आय सिर्जना नहुने खर्चलाई चालुखर्च भनिन्छ । विकास निर्माणमा लगानी गरेपछि पुँजीगत खर्च हुन आउँछ र प्रशासनिक कार्यमा खर्च गरे चालुखर्च मानिन्छ । नेपालमा विगतदेखि नै चालुखर्च बढी र पुँजीगत खर्च कम भएको चर्चा हुँदै आएको छ । नेपालको अवस्था हेर्ने हो भने पुँजीगत भनिएको बजेट पनि वास्तवमा निकै थोरै मात्र पुँजीगत कार्यमा खर्च भएको पाइन्छ । अर्थात्, बागमती सरकारले चालु आव २०७९/८० को ९ महिनामा जम्मा १७ प्रतिशत मात्रै विकास बजेट खर्च गरेको थियो । त्यो विकास बजेट खर्चको अवस्था असार अन्तिमसम्म आइपुग्दा ६७ प्रतिशत पुगेको छ ।

चालू आर्थिक वर्षको लागि ७० अर्ब ९३ करोड ९२ लाख ९१ हजार बजेट ल्याएको प्रदेश सरकारले ७० प्रतिशत पनि खर्च गर्न नसकेको हो । प्रदेश लेखानियन्त्रक कार्यालय बागमती प्रदेश हेटौंडाले दिएको जानकारीअनुसार प्रदेश सरकारले चालु आर्थिक वर्ष (२०७९/८०) को असारसम्ममा कुल बजेटको ४७ अर्ब ६४ करोड




९८ लाख रुपैयाँ खर्च गरेको हो । जसमा ६९ दशमलव ९० प्रतिशत चालु खर्च र ६७ दशमलव १९ प्रतिशत पुँजीगत खर्च छ । चालु खर्च २८ अर्ब ७६ करोड २० लाख ७५ हजार हुँदा पुँजीगत खर्च २८ अर्ब २८ करोड ७७ लाख ७३ हजार रहेको हो । चालू आवमा पुँजीगत खर्च कोषको १३ अर्ब ८१ करोड ७ लाख ७३ हजार रुपैयाँ बजेट फ्रिज भएको छ ।

प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि चालूको भन्दा ८ अर्ब बढी बजेट घटाएर ६२ दशमलव ७० अर्बको बजेटमा चालुतर्फ २६ दशमलव ७ अर्ब र पुँजीगततर्फ २१ दशमलव ६६ अर्बको बजेट विनियोजन गरेको थियो । बिनियोजित बजेटलाई आधार मान्दा पनि बागमतीमा विकास निर्माण भन्दा कर्मचारी तथा पदाधिकारीको तलब, भत्ता र कर्मचारीमा बढी खर्च भइरहेको छ । प्रदेश सरकारको विनयोजित बजेटले विकासको र समृद्धिको एजेन्डा भाषणमा मात्रै सीमित छ । ठूलो बजेटका लागि स्रोत जुटाउन जनतालाई चर्को राजस्वको भुंग्रोमा हाल्ने गरेका मन्त्रीहरुले स्वार्थ मिल्ने करलाई घटाउने र हटाउनेसम्मका कार्य गरेका छन् ।

बजेटको ठूलो हिस्सा विकासमा नभई चालु खर्च भइरहेकोले मुलुकको समृद्धि अलपत्र बनेको हो । एकातिर चालु खर्चको तुलनामा विकास बजेट विनियोजन न्यून हुँदै गइरहेको र अर्कोतर्फ विकासका लागि विनियोजित बजेट पनि पूरै खर्च नहुनुले निरन्तर संकटमा मुलुकको अर्थतन्त्र छ । तर, चालू खर्चलाई घटाएर पुँजीगतलाई बढावा दिने योजना तीन वटै तहका सरकारको देखिँदैन ।

बागमतीमा हरेक वर्ष बजेट खर्चको अवस्था निराशाजनक छ । पहिलो वर्ष आव २०७५/७६ मा ६० प्रतिशत बजेट खर्च भएको थियो भने ४० प्रतिशत फ्रिज बनाएको थियो । प्रदेश कोष तथा लेखानियन्त्रक कार्यालयका अनुसार आव ०७६/७७ मा ५८ प्रतिशत खर्च गरेको थियो भने ४२ प्रतिशत बजेट फ्रिज हुन पुगेको थियो । कार्यालयले उपलब्ध गराएको तथ्यांकअनुसार आव ०७७/७८ मा प्रदेश सरकारले ६२ प्रतिशत खर्च गरेको थियो भने ३८ प्रतिशत फ्रिज भएको थियो । गत आव ०७८/७९ मा ६६ प्रतिशत खर्च हुँदा ३४ प्रतिशत बजेट फ्रिज भएको थियो ।

बागमती सरकारले मकवानपुरका १० वटा स्थानीय तहलाई आगामी आर्थिक वर्ष २०८०/८१ का लागि कुल ७४ करोड ५४ लाख ९ हजार रुपैयाँ स्थानीय तह अन्तरसरकारी वित्तीय हस्तान्तरणअनुसार अनुदान प्रदान गर्ने भएको छ । आर्थिक मामिला तथा योजनामन्त्री बहादुरसिं लामाले वित्तीय समानीकरण, सशर्त, विशेष, पुँजीगत, समपुरक अनुदान बजेट विनियोजन गरेका छन् । वित्तीय हस्तान्तरणमा पुँजीगततर्फभन्दा चालु तर्फको अनुदान बढी रहेको छ । चालुतर्फ मकवानपुरका १० स्थानीय तहले कुल ४६ करोड ५४ लाख ९ हजार रुपैयाँ पाउँदा पुँजीगततर्फ २८ करोड रुपैयाँ मात्रै विनियोजन भएको छ । यसरी पुँजीगत खर्चभन्दा चालु खर्च बढ्दै जाँदा मुलुकको आर्थिक संकटलाई मलजल पुग्ने सम्भावना रहन्छ । प्रदेशले पुँजीगत खर्च वृद्धि गर्नुपर्ने देखिन्छ ।

प्रदेश सरकारका मन्त्रालय मध्ये सबैभन्दा बढी खानेपानी ऊर्जा तथा सिँचाइ मन्त्रालयले बजेट खर्च गरेको छ । बाँकी पृष्ठ-४...

**गोदामघर भाडामा चाहियो ?**

मकवानपुर जिल्लामा पर्ने पुर्व-पश्चिम राजमार्ग अन्तर्गत हेटौंडाबाट १७ किलोमिटर पश्चिम नारायणगढ जाने बाटोमा अबस्थित मनहरी गाउँपालिका वडा नम्बर- ९ खरङ्गामा साढे २ बिगाह जग्गामा रहेको व्यवस्थित तथा सुबिधायुक्त ९७०० र ३१०० स्क्वायर फिटको दुईवटा गोदाम घर, बत्ति पानीको सुबिधा सहितको अफिस तथा क्वाटर भाडामा रहेको हुँदा बहुराष्ट्रिय तथा राष्ट्रिय उद्योग प्रतिष्ठान तथा व्यवसायीक प्रयोजनका लागि सम्पर्क राख्नुहुन अनुरोध गर्दछु ।

**सम्पर्क : ९८०२५३०३०३**

**सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी कलेज अफ होटल एण्ड हस्पिटालिटी म्यानेजमेन्ट**

**प्रोफेशनल स्कील एण्ड ट्रेनिङ डिपार्टमेन्ट**




यही आउँदो शैक्षिक सत्र २०८० देखि यस सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी कलेज अफ होटल एण्ड हस्पिटालिटीको लागि कक्षा ११ मा अध्ययन गर्न इच्छुक विद्यार्थीहरुको लागि कक्षाहरु सञ्चालन गरिंदैछ ।

भर्ना र थप जानकारीको लागि यसै कलेजको कार्यालयमा सम्पर्क गर्नुहोला ।

सम्पर्कको लागि
०५७-५२१२७२, ९८०१०६८६४१, ९८४८८२९२७७ (प्रिन्सिपल)

**Join IT Career in HCC**

**Admission Open**
↓
**+2**
Science
Management
→ Computer Science
→ Hotel Management
→ Business Studies
Law (English)



**Bachelor Program**
↓
BSc. CSIT
BCA
BBS
(T.U. Affiliated)

यस **हेटौंडा सिटी कलेजमा B.Sc.CSIT** कार्यक्रम अन्तगत दोस्रो बर्ष तेस्रो शत्र (Semester) मा अध्ययनरतछात्र **श्री दिनेश खरेलले** त्रिभुवन विश्वविद्यालयद्धारा सञ्चालित प्रथम वर्ष प्रथम शत्रको परीक्षामा **89.8 प्रतिशत (500 पुर्णाङ्कमा 449 अंक प्राप्त)** ल्याई **नेपाल प्रथम** हुन सफल हुनुभएकोमा हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

साथै, **BSc. CSIT** र **BCA** को ११ औं समूहको (**2080 Batch**) लागि **प्रवेश परीक्षा तयारी कक्षा** (**Entrance Preparation Class**) सञ्चालन भइरहेको कुराको पनि सहर्ष जानकारी गराइन्छ ।

**हेटौंडा सिटी कलेज/जेनिथ**
सम्पर्क : 057-526660, 9855069444, 9855077417, 9855067435



Get ready to explore the exciting world of hospitality and develop the skills to thrive in this dynamic industry.

*Study +2*
**HOTEL MANAGEMENT**
TRAVEL & TOURISM IN HOTEL MANAGEMENT

**CLASS STARTS FROM 15th SHRAWAN**

HETAUDA SCHOOL OF MANAGEMENT
"कडा अनुशासन, स्तरीय शिक्षा"
For inquiry: 9855074222
» ENROLL NOW

Hetauda-4, Makawanpur · info@hsm.edu.np · www.hsm.edu.np

DELIVERING TOP-NOTCH EDUCATION SINCE 1995

साझाकुरा

## हाम्रो कुरा

# धान रोपाईंमा सुस्तता

यो वर्ष लामो खडेरीका कारण किसानको मकैबाली राम्रोसँग भएन । मकैबालीलाई खडेरीले खायो, पछि पानी पर्दा हावाहुरी, असिनाले मकैबालीलाई नोक्सान पुऱ्यायो । असारको पहिलो सातादेखिको वर्षात सुरु भयो तर, अझै किसानका लागि आवश्यक पानी पर्न सकेको छैन । ताप्लेजुङलगायतका क्षेत्रमा असारको पहिलो साताको बाढीले निकै ठूलो क्षति पुऱ्यायो । तर, नेपालका कयौं पहाडी क्षेत्रमा राम्रोसँग पानी नपरेका कारण धान रोप्न समस्या देखिएको छ । समयमै पानी नपरेका कारण बागमती प्रदेशमा हालसम्म ४६ प्रतिशत धान रोपाइँ कार्य सकिएको छ । भौगौलिक विकटता र सिँचाइको अभाव रहेको बागमती प्रदेशमा धानखेतीका लागि आकाशे पानीका भरमा खेती गर्नु परेकाले धानखेतीमा समस्या रहेको छ । एकातिर किसानलाई समयमा पानी नपर्दा समस्या छ भने अर्कोतिर मलको अभाव पनि उस्तै छ । बागमती प्रदेशको १३ जिल्लामा कूल एक लाख २० हजार पाँच सय ६९ हेक्टर जमिनमा धानखेती हुने गरेको छ । तर, अहिलेसम्म बागमती प्रदेशमा करिब एक लाख १३ हजार हेक्टर जमिनमा धानरोपाइँ सकिएको छ । पर्याप्त वर्षा नभएपछि प्रदेशभर धान रोपाइँ प्रभावित बनेको छ ।

कृषि विकास निर्देशनालय हेटौंडाको असार अन्तिम सातामको तथ्यांक अनुसार धादिङमा सबैभन्दा कम र भक्तपुरमा धेरै धान रोपाइँ भएको छ । निर्देशनालयका अनुसार धादिङमा २३ र भक्तपुरमा ८५ प्रतिशत रोपाइँ भएको छ । धान रोपाइँको जिल्लागत तथ्यांक हेर्ने हो भने दोस्रोमा काठमाडौं जिल्ला परेको छ । काठमाडौंमा धान रोप्ने खेत नै कति बाँकी छ र ? सबैतिर घर निर्माण भएको काठमाडौंमा धानखेती गर्ने जमिन निकै थोरै मात्र बाँकी छ । काठमाडौंमा ७५ प्रतिशत रोपाइँ सम्पन्न भएको छ । यस्तै चितवनमा ५०, मकवानपुरमा ३०, नुवाकोटमा ३८, रसुवामा ४६, ललितपुरमा ६९, काभ्रेपलाञ्चोकमा ६९, सिन्धुपाल्चोकमा ५२, रामेछापमा ३०, दोलखामा ५० र सिन्धुलीमा ३३ प्रतिशत रोपाइँ भएको छ । अघिल्लो वर्षको यो अवधिमा यी जिल्लामा ५० प्रतिशतभन्दा माथि रोपाइँ भएको थियो । सिँचाइ सुविधा नभएका ठाउँमा धान रोपाइँ हुन नसकेको निर्देशनालयले जनाएको छ । मनसुन बेलैमा सक्रिय नहुँदा यो वर्ष किसानलाई समयमै धान रोप्न समस्या भएको हो । सिँचाइ पुगेका स्थान र खोला आसपास क्षेत्रमा भने धान रोपिएको छ । आकाशकै पानीको भर पर्नुपर्ने ठाउँमा अझै रोपाइँ हुन सकेका छैन । बागमतीका केही जिल्लामा यो वर्ष चैत महिना तथा बाँकीमा असार लागेपछि रोपाइँ थालिएको थियो । बागमतीको ६० प्रतिशत जमिन आकाशे पानीको भरमा खेती गर्नुपर्ने बाध्यता छ । बागमती प्रदेश सरकारले सिँचाइका क्षेत्रमा ठूलो लगानी गरेपनि किसानले अझै पनि आकाशे पानीको भरमा पर्नुपर्ने बाध्यता छ । यसवर्ष सिँचाइका कारण रोपाइँमा ढिलाइ भएको भए पनि रासायनिक मल भने विगतका वर्षहरुमा जस्तो अभाव नरहेको बताइएको छ । कुल २४ हजार दुई सय ४७ हेक्टर क्षेत्रफलमा रोपाइँ हुने चितवनमा हालसम्म १२ हजार १ सय २४ हेक्टर रोपाइँ भएको निर्देशनालयको तथ्यांक छ । यस्तै मकवानपुरमा ९ हजार ४ सय ५० हेक्टर मध्ये दुई हजार ८ सय ३५ हेक्टरमा रोपाइँ भएको छ । नुवाकोटमा कुल ११ हजार ६ सय १२ हेक्टरमध्ये ४ हजार ४ सय १३, रसुवामा १ हजार ९३ हेक्टरमा ५ सय ३, ललितपुरमा ४ हजार २ सय ११ मध्ये २ हजार ९ सय ६, भक्तपुरमा ३ हजार ९ सय ७९ मध्ये ३ हजार ३ सय ८२ हेक्टर जमिनमा धान रोपाइँ भएको छ । काठ्माडौं जिल्लामा कुल ६ हजार १५ हेक्टर जमिनमा धान रोपाइँ हुँदै आएकोमा हालसम्म ४ हजार ५ सय ११ हेक्टर जमिनमा रोपाइँ सम्पन्न भइसकेको छ । यो वर्ष धानको बीउ राख्ने समयमा पनि पानी नगरेका कारण कतिपय किसानले धानको बीउ ढिला राखेका कारण पनि रोपाईं गर्न ढिलाई भएको छ ।

साउनको अन्त्यसम्म पनि धान रोप्ने चलन रहेको छ । त्यसपछि भदौ लागेपछि ग्रामीण क्षेत्रका किसानको ब्यस्तता कोदो रोप्नमा हुने गरेको छ । यस्तै काभ्रेपलाञ्चोकमा ८ हजार ७ सय ८२ हेक्टरमध्ये ४ हजार ५ सय ६७, सिन्धुपाल्चोकमा ८ हजार ७ सय ८२ हेक्टरमध्ये ४ हजार ५ सय ६७, रामेछापमा ७ हजार ८ सय ५९ हेक्टर जमिनमा हाल २ हजार ३ सय ५८, दोलखामा २ हजार ८ सय १४ हेक्टर जमिनमध्ये हालसम्म १४ सय ७, सिन्धुलीमा ११ हजार ७ सय ७७ हेक्टर जमिनमध्ये ३ हजार ८ सय र धादिङमा ११ हजार ५ सय ७६ हेक्टर मा धान रोपाइँ हुँदै आएकोमा हालसम्म २ हजार ६ सय ६२ हेक्टरमा रोपाइँ सकिएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० असार २९ गते शुक्रबार १४ जुलाई २०२३ । द्वादशी, श्रावण कृष्णपक्ष । दिल्लागा ११४३ ने.सं. । सूर्योदय ५:१८, सूर्यास्त ७:०० । भानु जयन्ती।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : उत्साह कम हुनेछ | **तुला** | : मान सम्मान पाउन सकिनेछ |
| **वृष** | : कार्य-सिद्धिबाट सुख मिल्नेछ | **वृश्चिक** | : मन खिन्न हुन सक्नेछ |
| **मिथुन** | : उदर-विकार हुन सक्नेछ | **धनु** | : व्यापार व्यवसायबाट लाभ हुनेछ |
| **कर्कट** | : परिवारमा उन्नति हुनेछ | **मकर** | : राजनीतिमा सफलता मिल्नेछ |
| **सिंह** | : काममा रोकावट आउन सक्नेछ | **कुम्भ** | : काममा विलम्ब हुनेछ |
| **कन्या** | : शुभ समाचार सुन्न पाइनेछ | **मीन** | : मनोकांक्षा सिद्धि हुनेछ |

# चुनावमा उम्मेदवार बन्नेको लर्को, चुनावपछि बेपत्ता



✍ सञ्जीव कार्की

चुनाव लड्ने सबैको प्रजातान्त्रिक हक हो । आवश्यक संवैधानिक र कानुनी योग्यता पुगेका व्यक्ति जो जतासुकै प्रतिस्पर्धा गर्न पाउँछन् । त्यसैले स्थानीय, प्रदेश र संघीय निर्वाचनमा थुप्रै व्यक्ति स्वतन्त्रदेखि पार्टीको उम्मेदवार बन्ने लर्को लाग्छ ।

निश्चित सिट संख्यामा विजयी भएका बाहेक अन्य उम्मेदवार र व्यक्तिहरू आवधिक समयसम्म प्रतिनिधित्व गर्नबाट वञ्चित हुन्छन् । त्यतिबेलासम्म उनीहरू अर्को चुनावको तयारीका लागि जनताको सुखदु:खमा सहभागी हुँदै प्रतिनिधित्व गर्न चाहेको निकाय स्थानीय, प्रदेश र संघीय सांसदको छाया बनेर रहनुपर्ने हो । तर हाम्रो देशमा त्यस्तो भएको पाइन्न ।

चुनावमा प्रतिस्पर्धा गरेकाहरूले पूरा गर्नुपर्ने आवश्यक दायित्व पालन नगरेकै कारण कहिल्यै प्रतिस्पर्धाको राजनीतिमा नभएका मान्छेहरूले फुत्त आएर चुनाव जितेको छन् । चिट्ठा परे जस्तो उनीहरू एकाएक शक्तिमा आउँछन् । उनीहरूमा जनउत्तरदायित्वको अभाव हुन्छ । पछिल्लो समय राजनीतिमा नभएका मान्छेहरूलाई पनि धमाधम चिट्ठा परिरहेको छ । राजनीतिमा कुनै योगदान नगरेका, राजनीतिको सामान्य परिपाठसमेत नजानेकाहरू चुनावमार्फत धमाधम अनुमोदन भइरहेका छन् ।

**यस्तो किन भइरहेको छ ?**

पार्टीहरू र विगतमा चुनावमा प्रतिस्पर्धा गरेका मान्छेहरूले गम्भीर भएर आत्ममूल्याङ्कन गर्नुपर्ने बेला आएको छ । चुनावमा पराजित हुँदा र विजयी बन्दा आफूले गरेका प्रतिबद्धताहरू कति पूरा भयो ? चुनाव जित्नेहरू मात्र होइन पराजित हुनेहरू पनि आफूलाई विश्वास गरेर मतदान गर्नेहरूप्रति जवाफदेही हुनुपर्छ । चुनावमा जय-पराजयपछि आफ्नो भूमिका बिर्सने उम्मेदवारका कारण पनि पुराना दलहरूप्रति आम मान्छेको आकर्षण कम भएको हो । राजनीति र समाज सेवाका लागि कर्तव्य गर्न कुनै विशेष समय, दिन र साइतको आवश्यक पर्दैन । सामाजिक कामका लागि कुनै ज्योतिषको चिना टिपोट र शुभ साइतको लगन जुराउनु पर्दैन । जहिल्यै जनताका सुखदु:खमा उनीहरूको उपस्थिति आवश्यक हुन्छ । दु:खमा सान्त्वना र सुखमा सहयात्रा अपेक्षित हुन्छ ।

चुनाव हुनुको केही समयअघि र चुनावको दिनसम्म जनता सबैभन्दा ठूलो भगवान्, महान् न्यायाधीश र भाग्य विधाता जस्ता अनेक सम्मानजनक नाम र संज्ञाले सम्बोधित हुन्छन् । राजनीतिक पार्टी तिनका नेताकार्यकर्ता आम मतदातासामु साहुसँग ऋणी भाका थप्न गएझैं विनीत र नम्र बन्छन् । व्याज जति प्रतिशतले बढाए पनि आफू तिर्न राजी भएको मौखिक तमसुक गरिदिन्छन् ।

चिन्दै नचिनेकाहरू समेत नाता जोड्दै आउँछन् । सबै आफन्त सबै दु:खसुखका साथी जस्तो लाग्छ । पार्टीको कार्यकर्ता नभएको सामान्य मान्छेलाई आफूसँग भोट माग्न आउने सबैलाई भोट दिऊँ दिऊँ लाग्ने बनाउँछन् । कतिले सामान्य घर खर्च, कतिले छोराछोरीका लागि रोजगारी, कतिले खाने पानी सिँचाइ, नहर, कुलो, पैनी आदिको सामाजिक समस्यासमेत अब हटाउने वचन दिन्छन् ।

गाउँठाउँको खोनेपानी योजनाको सर्भेदेखि बाटो खन्ने, पिच गर्नेलगायतका काममा फोकस गर्छन् । स्कुल, हेल्थपोस्ट, खेलमैदान निर्माण लगायत यावत कुराको माग पूरा गर्ने वाचा दिन्छन् । त्यतिबेला उनीहरू दु:खसुखका साथी जस्ता लाग्छन् । आफ्नो भाउ बढेकोमा सामान्य जनतादेखि अलिकति पढेलेखेका मान्छेसमेत हुनेवाला संसद् मन्त्री र अन्य त्यस्तै व्यक्तित्वको समीपमा रहँदा उसले सल्लाह माग्दा खुसी भएर अचाक्ली हुन्छन् । मानौं आफ्ना सबै दु:खको निदान गर्ने र दु:खमा साथ दिने सुखमा रमाउने मान्छे यिनै हुन् । भाग्य विधाता सब हुन् । साथीभाइसँग धक्कु पनि लाउन भ्याउँछन् । छरछिमेकसँग आफ्नो बाक्लो बसउठ भएको मान्छेले जितेमा यस्तो हुन्छ, उस्तो हुन्छ भन्ने सपना पनि देखाउँछन् । कसैले गाउँमा फलानोले जिते गाउँमा विकासको खोलो नै बगाउने, स्वास्थ्य, शिक्षा र रोजगारीको ग्यारेन्टीकै फुर्ती लाउँछन् । आश्वासन सपना र लोभको बिक्रीवितरण नै हुन्छ ।

हामीले जिते बजेट आउने र अर्कोले जिते बजेट कटाइदिने धम्कीसमेत दिन्छन् । फ्री भिसा र फ्री टिकेटको लोभ देखाउँछन् । खानेपानी कृषि सिँचाइ मल बीउ सबको प्रबन्ध गर्ने कुरा गर्छन् । समग्रमा नगर्ने काम कुनै हुँदैन । आत्मनिर्भर अर्थतन्त्र, स्वाभिमानी देश र पौरखी नागरिक निर्माणको काल्पनिक प्रतिस्पर्धा नै दलगत उम्मेदवार र स्वतन्त्र उम्मेदवारबीच हुन्छ ।

वडाध्यक्षदेखि गाउँ पालिका र नगर पालिकाका उम्मेदवार कार्यकारी हुन् । उनीहरू एक किसिमले विकासे नेता कार्यकर्ता नै हुन् । विकास निर्माणका कुरा गर्न मिल्छ, गर्ने उनीहरूले हो तर विडम्बना प्रदेश सभा र संघीय सांसदहरू आफ्नो भूमिका र कर्तव्य बिर्सेर पूरै विकासे नेता कार्यकर्ता र स्थानीय निकायको कार्यकारी प्रतिनिधि भए झैं गरी सपना देखाउँछन् । संसद्मा बसेर नीति-नियम बनाउनुपर्ने र बहस गर्नुपर्ने चुनावका लागि आएका प्रतिनिधि खल्ती र डायरीमा विकास बोकेर प्रस्तुत हुन्छन् । यी र यस्ता मजाक केवल चुनावका दिनसम्म मात्रै चल्छ । जब चुनाव सकिन्छ, सबै उम्मेदार गायब हुन्छन् । नेता कार्यकर्ताले आफ्नो भूमिका र कार्य क्षेत्र सबै बिर्सन्छन् । मृत प्राणीलाई उपियाँ उडुसले छोडे झैं भोट माग्नेहरू जनताबीचबाट अलप हुन्छन् ।

**सपनाको अनेकौ भ-यांग चढाएर अलपत्र छोडिदिन्छन्**

चुनावपछि आफ्नो निकाय फर्केर नहेर्ने उम्मेदवार अर्को चुनाव आएपछि सबैभन्दा विनित भएर आइपुग्छ । चुनाव पछि, जनताका सुख दुखमा नहुनेहरू चुनावका बेला आउँछन् र जित्नेले पनि केही नगरेको र अबको लागि आफू अब्बल उम्मेदवार भएको दाबी प्रस्तुत गर्छन् चुनावको बेला सहयोगी देखिने राजनीतिक दल दसैं, तिहार ,छठ, इद, होली जस्ता महत्वपूर्ण पर्वमा जनतालाई यातायातको अभाव हुँदा कतै देखा पर्दैनन् । कोरोना सङ्कटमा आफ्ना गाउँ ठाउँका कुनै उम्मेदवार जनतालाई के कसो छ भन्न गएनन् ।

हरेक चाड पर्वमा बढ्ने महँगी र अभावमा कुनै पनि उम्मेदवार आम मान्छेको लागि आवाज हुँदैन । चुनावमा गाडी लिएर मान्छे ओसारपसार गर्ने उम्मेदवार मान्छे सिकिस्त भएर अस्पताल जान नसक्दा गाडी लिएर पुग्दैन । जनताका दैन्दिनका समस्याबारे बेखबर बस्छ । जनताको घर आँगनमा बाढी पस्दा र पहिरो खस्दा चुनावमा खडा भएको कुनै उम्मेदवारले पनि मुख देखाउँदैनन् । जग्गा दलालले सार्वजनिक जग्गा मिलेमतोमा व्यक्तिको नाममा पास गर्दा त्यस्तो रोक्न त झन् के पुग्थ्यो !

स्कुलमा शिक्षक नहुँदा र भइरहेकै शिक्षकहरूले पनि राम्रो पठन पाठन नगर्दा, स्वास्थ्य चौकीमा स्वास्थ्यकर्मी र औषधि नहुँदा, स्थानीय निकायले राम्रो सेवा प्रवाह नगर्दा ती समस्यासँग जुध्न कोही पुग्दैन तर जब चुनाव आउँछ अनेक योग्यता र विशेषताले सिंगार पटार गरेर एक से एक उम्मेदवार आफ्नो निकाय बनाउने सपनाको पोको बोकेर खडा हुन्छन् । जनतालाई दिग्भ्रमित पार्ने अनेक अस्त्र लिएर आइपुग्छन् ।

**चुनाव हार्नेले आफ्नो पनि जिम्मेवारी हुन्छ भन्ने कहिल्यै बोध गर्दैनन्**

स्थानीय तह निर्वाचन २०७४ लाई हेरौं, जहाँ ७५३ वटा स्थानीय निकायको लागि प्रमुख र उपप्रमुखसहितका ३५२११ पदका लागि ५७ दलको तर्फबाट र स्वतन्त्रहरु गरी १४८३६४ जना उम्मेदवार मैदानमा थिए । ३५२११ निर्वाचित हुँदा बाँकी रहेका ११३१५३ जना उम्मेदवार निर्वाचित हुन नसकेका भए पनि जनताले केही न केही पत्याएका मानिस हुन् । २०७९ को स्थानीय निकायको निर्वाचनमा पनि १५३२२० उम्मेदवार खडा भएका थिए । ३५२११ उम्मेदवार निर्वाचित भए भने ११८००९ उम्मेदवार निर्वाचित हुन सकेनन् । के पराजित उम्मेदवारको आफ्ना मतदाताप्रति जिम्मेवारी रहन्न र ? खासमा यीमध्ये धेरै कमले मात्र आफ्नो क्षेत्रमा बसेर जनताको सुखदुखमा साथ दिएको पाइन्छ भने बाँकीले चाहिं आफ्नो जिम्मेवारी चुनावमा उठ्नु मात्र हो भन्ने ठानिरहेको देखिन्छ । यस्तै गरी प्रदेश सभा र प्रतिनिधि सभामा उम्मेदवार बन्ने व्यक्तिहरू पनि चुनाव हारेपछि आफ्नो सबै दायित्व र भूमिका बिर्सेर बस्छन् ।

समग्रमा भन्दा जित्नेको मात्रै सबै जिम्वेवारी र हार्नेको कुनै दायित्व नभएको जस्तो मान्यता स्थापित भएको छ । चुनाव एउटाले जिते पनि ऊसँग प्रतिष्पर्धा गर्ने कतिपयले पनि तुल्य तुल्य मत ल्याएको हुन्छ । कतिपय ठाउँमा मत बराबर भएर गोला प्रथा गर्ने पनि गरिन्छ । तसर्थ हार्नेको पनि जिम्मेवारी कम हुँदैन । तर राजनीतिमा हार्नेको भूमिकालाई अवमुल्यन गरिने भएकाले हार्नेहरू मैदान बाहिर बस्न पुग्छन् । जित्नेको काम कारबाहीलाई रचनात्मक बनेर सघाउने, खबरदारी गर्ने र कसैलाई राजनीतिक आग्रह/पूर्वाग्रह राखेर पेलियो भने त्यसको प्रतिरोध तत्काल गर्ने दायित्व उपविजेताको हुनुपर्छ । तर यस तर्फ उदासीन बन्नेहरू नै चुनावमा उम्मेदवार बन्न हानाथाप गरेर पुगेका हुन्छन् ।

राजनीति समाज सेवा हो, समुदायसँग घुलमिल हुने, समाजको हर घटनामा चनाखो र हने विषय हो । यहाँ भने जब चुनावको सूचना जारी हुन्छ तब जनताका सुख दु:खमा कहींकतै नदेखिएकाहरु बर्खामा च्याउ जसरी भटाभट मैदानमा निस्कन्छन् । जनताको समस्या वेवास्ता गरेर गर्न थालिएको विकृत राजनीतिका कारण नै पार्टी राजनीति र समुदायको हितसँग कहिल्यै साइनो सपना नभएकाहरूले समेत चुनाव जित्छन् ।

*(साभार: रातोपाटी)*

# निर्वाचन प्रणाली: पूर्ण प्रत्यक्ष कि पूर्ण समानुपातिक ?

✍ डा. निर्मलकुमार विश्वकर्मा

नेपालमा निर्वाचन प्रणाली पूर्ण प्रत्यक्ष वा पूर्ण समानुपातिक बनाउने बहस फेरि सतहमा आउन थालेको छ । अहिले भर्खर निर्वाचन आयोगले तयार गरेको निर्वाचनसम्बन्धी कानुनको मस्यौदा २०८० ले यस बहसलाई संसद्सम्म लैजानेछ र यसमा राजनीतिक दलहरू संविधान समेत संशोधन गर्न छलफलमा जुटने छन् ।

शासकहरूठान्छन् - नेपालमा राजनीतिक स्थायित्व नहुनुका कारण मिश्रित निर्वाचन प्रणाली हो । किनभने यस प्रणालीअनुसार कुनै पार्टीको बहुमत आउन कठिन हुन्छ । विसं. २०७४ सालको निर्वाचनमा यही निर्वाचन प्रणालीबाट नै नेकपाको बहुमत आएको सबैले बिर्सिसकेका छन् । तर, त्यही कालखण्ड नेपालको इतिहासमा सबैभन्दा अस्थिर बनाउन यिनीहरूनै उद्यत रहे । सम्भवत: यसैलाई निहुँ बनाएर नेपालका राजनीतिक दलहरू पूर्ण प्रत्यक्ष निर्वाचन प्रणाली लागु गर्न चाहन्छन् र त्यसका लागि सविधानसमेत संशोधन गर्न तयार हुनेछन् ।

निर्वाचन प्रणाली राजनीतिक स्थायित्वका लागि महत्त्वपूर्ण विधि हो । तर, निर्वाचन प्रणाली हाम्रोजस्तो विविधता भएको देशमा सबै जाति समुदायको समानुपातिक प्रतिनिधित्व सविधात: नै सुनिश्चित गर्ने विधि पनि हो । राजनीतिक स्थायित्वलाईमात्र महत्त्व दिएर समानुपतिक प्रतिनिधित्वको उपेक्षा गरियो भने देशमा शान्ति तथा समृद्धि हासिल हुँदैन । फेरि दुँघटनातर्फ जान सक्छ ।

अहिले विभिन्न जातजाति विशेषगरी दलित समुदायमा राजनीतिक स्थायित्व कायम गर्ने नाममा सविधान सशोधन गरी पूर्ण प्रत्यक्ष निर्वाचन प्रणालीमार्फत एउटै जाति र नस्लको अधिपत्य कायम गरियो भने दलित समुदायको भइरहेको प्रतिनिधित्व पनि गुम्नेछ भन्ने त्रास देखिएको छ । प्रत्यक्ष निर्वाचन प्रणाली दलित समुदायका लागि अनुकूल हुँदैन । अहिलेकै निर्वाचन परिणाम हेर्ने हो भने पनि १४ प्रतिशत जनसंख्या ओगट्ने यस समुदायबाट एक जनामात्र निर्वाचित भएको देखिन्छ । यसका साथै अहिले भर्खर निर्वाचन आयोगले तयार गरेको निर्वाचनसम्बन्धी कानुनको मस्यौदा २०८०ले पनि महिलाका लागि केही प्रावधान राखेको छ तर यस्तो वञ्चितिमा परेको दलित समुदायको उपेक्षा गरेको छ ।

संसारमा धेरै देशमा मिश्रित निर्वाचन प्रणाली छन् । नेपालको संविधान, २०७२ ले जम्मा सीट संख्या २७५ को ६० प्रतिशत प्रत्यक्ष निर्वाचन प्रणालीबाट र बाँकी ४० प्रतिशत जातिगत समूहअनुसार जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्व गराउने प्रावधान राखेको छ । सोहीअनुसार हालसम्म दुईवटा निर्वाचन भएका छन् । तर, यहाँका राजनीतिक नेतृत्वले समानुपातिक प्रणालीलाई औचित्यहीन बनाइदिएको छ । यसैमा टेकेर यो प्रणाली र यसबाट मनोनीत भएर आउने सांसदप्रति परम्परागत शासक र तिनका समर्थकले यस देशको दुर्दशाको कारण यही निर्वाचन प्रणाली नै हो भने जसरी निरन्तर निर्लज्ज आक्रमण गरिरहेका छन् ।

नेपालमा शासकहरूले आफ्नो अक्षमता ढाक्न समानुपातिक प्रणालीलाई दोषी देखाए पनि पुरानो प्रत्यक्ष निर्वाचन प्रणाली अहिले धेरै देशमा प्रयोग भएको पाइँदैन । यो प्रणाली अमेरिका, भारत, अस्ट्रेलिया आदि पहिले बेलायतको उपनिवेश रहेका देशमा भने अझै कायम छ । यस प्रणालीबाट सामान्यत: कुनै एउटा राजनीतिक पार्टीले बहुमत ल्याउँछ र सरकार स्थिर हुन्छ भन्ने सोच रहेको देखिन्छ । तर, नेपालजस्तो थुप्रै पार्टीहरू भएको देशमा यो खासै सम्भव देखिएन । सायद, यो निर्वाचन प्रणाली दुई वा तीनवटा राजनीतिक दल भएको ठाउँमा अपेक्षाकृत उपयुक्त हुन्छ । त्यस अवस्थामा मात्र निर्वाचनपछि एउटै दलको बहुमत आउने सम्भवना बढी हुन्छ ।

प्रत्यक्ष निर्वाचित प्रणालीको सबैभन्दा ठूलो अवगुण के देखिन्छ भने यसबाट अहिलेसम्म राजनीतिक प्रतिनिधित्व कम भएका समुदाय अर्थात् नेपालको सन्दर्भमा दलित र महिलाको उचित प्रतिनिधित्व हुन सकेन । यो निर्वाचन प्रक्रियामा आर्थिक चलखेल, अनुचित प्रतिस्पर्धा र हत्कन्डा बढी अपनाइन्छ जसले गर्दा पछाडि पारिएकाले प्रतिस्पर्धा गर्न सक्दैनन् । यसका साथै व्यक्तिलाई मत दिने हुनाले उमेखवारको जात, वर्ग, लिङ्ग, वर्ण, उमेरअनुसार मतदातामा अनुचित प्रभाव पर्नसक्छ ।

यस्तै यस प्रणालीको आर्को अवगुण के देखिन्छ भने यसले भ्रष्टाचारलाघ मौलाउने संरचना बनाउँछ । नेपालमा मौलाइरहेको भ्रष्टाचारको एउटा कारण प्रत्यक्ष निर्वाचनमा हुने खर्च पनि हो । भारतलगायत प्रत्यक्ष निर्वाचन प्रणाली भएका देशमा चुनावी प्रक्रियामै भ्रष्टाचार भएको देखिन्छ । आर्थिक बल नपुगे यस्तो निर्वाचनमा भाग लिनअसम्भव प्राय: हुन्छ ।

नेपालमा प्रत्यक्ष निर्वाचन प्रणालीमात्र कायम गर्ने हो भने भारतको जस्तै दलित समुदाय र महिलालाई जनसंख्याको आधारमा निर्वाचन क्षेत्र आरक्षित गर्नुपर्छ । भारतमा तल्लो सदनमा ५४३ जना प्रत्यक्ष निर्वाचित सांसदमध्ये जनसंख्याको आधारमा ८४ वटा निर्वाचन क्षेत्र दलित समुदायका लागि आरक्षित गरिएको छ । ती क्षेत्रमा दलित समुदायका उमेदवारबीच मात्र प्रतिस्पर्धा गराइन्छ । यस्तै ४७ सिट अर्थात ९ प्रतिशत आदिवासी जनजाति समुदायलाई आरक्षित गरिएको छ । भारतको माथिल्लो सदन राज्य सभाको २५० सीटमा दलित र आदिवासीका लागि जनसंख्याको आधारमा स्थान आरक्षित गरिएको छ । भारतमा संघीय र प्रदेश मन्त्रिपरिषद् गठन हुँदा दलित र आदिवासी समुदायको जनसंख्याका आधारमा लगभग समानुपातिक प्रतिनिधित्व हुँदैआएको छ ।

प्रत्यक्ष निर्वाचन प्रणालीमा जनसंख्याका आधारमा प्रतिनिधित्व सुनिश्चित हुन नसकेपछि सन् १८५७ मा पहिलो पटक समानुपातिक निर्वाचन प्रणालीको थालनी डेनमार्कबाट भएको थियो । तर, त्यस बेला यसको खासै प्रचार हुन सकेन । पछि सन् १८७८ मा राजनीतिक पार्टीको सूचीअनुसार समानुपातिक प्रतिनिधित्वको नीति बेल्जियममा बनेपछि यसले व्यापकता पाएको पाइन्छ । यस्तो निर्वाचन प्रणाली ससारका ९१ देशमा प्रचलित छ ।

समानुपातिक निर्वाचन प्रणालीको सफल प्रयोग दक्षिण अफ्रिकामा भएको पाइन्छ । त्यहाँ गोरा, कलर्स, भारतीय मूलका र काला जाती गरी चार वर्ण र काला जातिभित्र ११ समुदाय रहेका छन् । त्यहाँ संघीय, प्रदेश र स्थानीय तहको निर्वाचनलगायत कार्यकारी र न्यायिक निकायमा महिला, यी वर्ण र समुदायका लागि तिनको जातीय जनसंख्याका आधारमा पूर्ण समानुपातिक प्रतिनिधित्व सुनिश्चित गरिएको छ । प्रतिनिधित्वका हिसाबले यो देश सुन्दर फूलबारीजस्तो देखिन्छ । तैपनि, त्यँहा एउटै पार्टीले सामान्यमात्र होइन दुई तिहाइ बहुमत पाएको छ । हालसम्म एउटै पार्टीको सरकारले कार्यकाल पूरा गरेको छ ।

समानुपातिक प्रणालीको अवगुण के भनिन्छ भने यसबाट कुनै पनि पार्टीको बहुमत आउँदैन । किनभने यसमा मतको केन्द्रित हुने कम र बाँडिने सम्भावना बढी हुन्छ । साथै जनताले कसका लागि मत दिएको हो भन्ने स्पष्ट हुँदैन । यसले गर्दा सरकार निर्माण गर्न र टिकाउन सहज हुँदैन । सरकारको स्थायित्व नहुँदा देश विकासले गति लिन सक्दैन । यो समस्या समाधान गर्न कार्यकारी राष्ट्रपति वा प्रधानमन्त्रीको प्रत्यक्ष निर्वाचन गर्ने प्रावधान राख्न सकिन्छ ।

नेपालमा समानुपातिक निर्वाचन प्रणालीमा प्रतिनिधि छनोट प्रक्रियालाई विकृत बनाइयो । राजनीतिक नेतृत्वको नजिक भएको र नेतृत्वलाई अतिरिक्त लाभ दिन सक्ने, नातावाद, कृपावाद र फरियावादका आधारमा समानुपातिक उमेदवार छानिने हालसम्मको

> नेपालमा प्रत्यक्ष निर्वाचन प्रणालीमात्र कायम गर्ने हो भने भारतको जस्तै दलित समुदाय र महिलालाई जनसंख्याको आधारमा निर्वाचन क्षेत्र आरक्षित गर्नुपर्छ । भारतमा तल्लो सदनमा ५४३ जना प्रत्यक्ष निर्वाचित सांसदमध्ये जनसंख्याको आधारमा ८४ वटा निर्वाचन क्षेत्र दलित समुदायका लागि आरक्षित गरिएको छ ।

अभ्यासले यसप्रति नकरात्मक वातावरण उत्पन्न भएको देखिन्छ । यस सवाललाई सम्बोधन गर्न सूचीका आधारमा नभएर जिल्लाको मतभारका आधारमा उमेदवार छनोट गर्ने प्रणालीको विकास गर्नुपर्छ ।

सरकारको स्थायित्व, शान्ति र विकास राजनीतिक नेतृत्वको सोच, देशप्रतिको इमानदारी र आचरणमा निर्भर हुन्छ । प्रत्यक्ष निर्वाचन प्रणाली हुँदैमा स्थायित्व भइहाल्छ भन्ने त होइन । समानुपातिक प्रणालीमा पनि सबैको प्रतिनिधित्व हुँदैन पनि भन्न सकिन्छ । प्रत्यक्ष निर्वाचनका लागि उमेदवार छान्दा राजनीतिक पार्टीले जनसंख्याको आधारमा सबै समुदायको समानुपातिक प्रतिनिधित्व सुचिश्चित हुने प्रावधान संविधानमा किटानीसाथ राखिएमा यो समस्या पनि समाधान हुने देखिन्छ ।

महिला, दलितलगायत पछाडि पारिएका समुदायको उमेदवारले निर्वाचन जित्ने विषय मूलत: सम्बन्धित राजनीतिक दल र उमेदवारमा पनि निर्भर हुन्छ । परन्तु, जित्नका लागि अहिलेसम्म प्रतिनिधित्व हुन नसकेका क्षेत्र दलित र महिलाका लागि अन्याय गर्न मिल्दैन । यसैले तिनका लागि समानुपातिक निर्वाचन क्षेत्र छुट्याई उनीहरूबीच मात्र प्रतिस्पर्धा हुने प्रावधान राखे हुन्छ । यसका साथै राजनीतिक पार्टीले यी वर्गका आफ्ना नेता तथा कार्यकर्ताको क्षमता विकास र नेतृत्व स्थापित गर्न योजनाबद्ध लगानी गर्नुपर्छ ।

नेपालमा राष्ट्रियता, एकता, लोकतन्त्रको प्रर्वद्धन, समाजिक न्याय र समानता स्थापना, शान्ति र दिगो विकास प्रर्वधन गर्ने चाहना हो भने चाहिँ पूर्ण समानुपातिक निर्वाचन प्रणाली अझ उपयुक्त हुन्छ । नेपालजस्तो विविधता भएको देशमा शान्ति र समृद्धिको लागि यो उपयुक्त उपाय हो ।

*(साभार: बाह्रखरी)*

# सभापति चुन्न नसक्दा संसदीय समिति प्रभावहीन

काठमाडौं / २०७९ सालको चुनावपछि गठन भएको प्रतिनिधिसभाको सार्वजनिक लेखा समितिको पाँच वटा बैठक बस्यो । प्रत्येक बैठकमा लेखा समितिले विगतमा गरेका भ्रष्टाचार सम्बन्धी अध्ययन र दिएका निर्देशन कार्यान्वयनका विषयमा प्रश्न उठे ।

ज्येष्ठ सदस्यको रुपमा समितिको अध्यक्षता गरिरहेका कांग्रेस सांसद अर्जुननरसिंह केसीले समितिमा प्राप्त उजुरी र विगतमा भएका अध्ययन कार्यान्वयनको अवस्था पेश गर्न सचिवालयलाई निर्देशन दिएका छन् । त्यस अनुसार समिति सचिवालयले ३० वटा विषय पहिचान गरेर सांसदहरुलाई वितरण गरेको छ ।

'समिति सभापति चयन भएपछि विगतमा समितिले गरेका भ्रष्टाचार सम्बन्धी अध्ययन र निष्कर्ष कार्यान्वयनको अवस्थाबारे पहिचान भएका विषय अगाडि बढाउनुहोला । अन्यथा, समिति सदस्यको हैसियतले मै प्रश्न गरुँला', केसी भन्छन् ।

सार्वजनिक लेखा समितिमा सरकारी बेरुजुका विषयमा उपसमिति नै बनाएर छलफल गर्ने अभ्यास छ । यसपटक भने बेरुजुमाथिको छलफल सभापति चयन भएपछि मात्रै अगाडि बढ्ने केसी बताउँछन् ।

४ मंसिरको चुनावपछि गठन भएको प्रतिनिधिसभामा पाँच महिनापछि १५ वैशाख २०८० मा १० वटा संसदीय विषयगत समिति गठन भएका थिए । मिनी संसद पनि भनिने संसदीय समितिहरु सरकारलाई प्रतिनिधिसभाप्रति उत्तरदायी र जवाफदेही बनाउन, सरकारबाट भएका काम कारबाहीको अनुगमन र मूल्यांकन गरी आवश्यक निर्देशन, राय सल्लाह दिनका लागि गठन गरिएका हुन् ।



तर गठन भएको साढे दुई महिनासम्म संसदीय समितिहरु सभापतिविहीन छन् । सभापतिको निर्वाचन नभए पनि सार्वजनिक लेखा समितिको जस्तै अन्य समितिका बैठकहरु पनि यदाकदा बस्ने गरेका छन् । ज्येष्ठ सदस्य पशुपतिशमशेर जबराको अध्यक्षतामा अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिको चार वटा बैठक बसे । परराष्ट्र मन्त्रालयसँग सम्बन्धित दुई वटा छलफल भए । तर एउटा पनि औपचारिक निर्णय हुन सकेको छैन ।

यसतर्फ व्यङ्ग्य गर्दै २५ असारको बैठकमा प्रमुख प्रतिपक्षी एमालेका सांसद दामोदर पौडेल बैरागीले परराष्ट्रमन्त्री एनपी साउदलाई भने, 'सभापति चुन्ने सन्दर्भमा कसरी, कहाँ उजुरी गर्ने हो ? यस विषयमा सरकार भएको हुनाले उहाँले पनि भूमिका खेल्नुपर्ने भयो ।'

एमालेकै सांसद सुनिता बराललले पनि संसदीय समिति सभापति चयनमा भूमिका खेल्न परराष्ट्रमन्त्री साउदसमक्ष आग्रह गरेकी थिइन् । 'समिति सभापति चयन नहुँदा धेरै काम रोकिएको अनुभव भएको छ । सभापति टुंग्याउने कुरामा मन्त्रीहरूले पनि पहलकदमी लिइदिनु पर्‍यो', उनले भनेकी थिइन् ।

**दलीय सहमति खोज्दै सभामुख**

प्रतिनिधिसभा नियमावली २०७९ अनुसार समिति सभापतिको निर्वाचन प्रक्रिया अगाडि बढाउने जिम्मेवारी सभामुखको हो । सभामुख देवराज घिमिरेले पटक/पटक राजनीतिक दलहरुलाई सभापति चयनका लागि सहमति जुटाउन आग्रह गर्दै आएका छन् ।

उनले राजनीतिक दलहरुले सहमति नदिएका कारण सभापति चयन प्रक्रिया अघि बढाउन नसकेको पनि बताएका छन् । 'यो मेरो मात्रै विषय होइन । राजनीतिक दलहरुले पनि यसमा जिम्मेवार भएर भूमिका खेल्नुपर्छ', १९ असारमा प्रमुख तीन दलका तीन शीर्ष नेतासँगको भेटपछि सभामुख घिमिरेले भनेका थिए ।

त्यसदिन सिंहदरबारस्थित सभामुखको कार्यकक्षमा सभामुख घिमिरे, प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, प्रमुख प्रतिपक्षी नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाबीच छलफल भएको थियो ।

सभामुखको सचिवालयका अनुसार त्यसदिन तीन शीर्ष नेताले सभापति चयनका लागि सहमति जुटाउन पाँच दिन समय मागेका थिए । सभामुखको सचिवालयका एक अधिकारी भन्छन्, 'पाँच दिन समय बित्यो, फेरि पनि कुनै पहल भएको जानकारी प्राप्त भएको छैन ।'

**भागवण्डामै गाँठो**

सभापति चयन हुन नसक्नुको मूल कारण संसदीय समितिको नेतृत्वमा राजनीतिक दलहरुको दाबी र निर्वाचनको विधि हो । एमाले सर्वसम्मतिमा सभापति चयन हुनुपर्ने र आफ्नो पार्टीले कम्तीमा तीन वटा समितिको सभापति पाउनुपर्ने अडानमा छ ।

माओवादी केन्द्रका एक नेता भन्छन्, 'सत्ता गठबन्धनमा भाग लगाउँदा र एमाले बाहेका दलहरुलाई समेट्दा कांग्रेसको भागमा एमालेको भन्दा कम सभापति पर्ने भएकाले निर्वाचन प्रक्रिया अगाडि बढ्न सकिरहेको छैन ।'

प्रतिनिधिसभामा १० वटा विषयगत समिति छन् । राष्ट्रिय सभा र प्रतिनिधिसभाको संयुक्त दुई वटा समिति छन् । त्यसमध्ये एमालेले तीन वटा समिति सभापति पाउँदा ९ वटा बाँकी रहन्छ । त्यसमा नेपाली कांग्रेसले ४ र माओवादी केन्द्रले २ वटा समितिको सभापति दाबी गरेका छन् ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले दुई/दुई वटा समिति सभापतिमा दाबी गरेका छन् । नेकपा एकीकृत समाजवादीले एउटा समिति सभापतिमा दाबी गरेको छ । जनमत र नागरिक उन्मुक्ति पार्टीले समेत एक/एक सभापति पाउनुपर्ने दाबी गरेका छन् ।

कांग्रेसका एक सांसद भन्छन्, 'माओवादी केन्द्र सकेसम्म सबैलाइ मिलाउँ भन्छ । त्यसो गर्दा कसैको चित्त बुझाउन सकिन्न, बहुमतका आधारमा समिति सभापति चयन गरौं भन्ने हाम्रो कुरा छ । यसमा सभामुखको भूमिका पनि महत्वपूर्ण हुन्छ ।' कांग्रेस केन्द्रीय समिति बैठकका कारण सभापतिको निर्वाचन प्रक्रिया साउन दोस्रो साता पछि मात्र अगाडि बढ्ने ती कांग्रेसका ती नेता बताउँछन् ।

**कानुन निर्माण प्रक्रिया अवरुद्ध**

संसदीय समितिका सभापति चयन नहुँदा कानुन निर्माण प्रक्रिया अवरुद्ध भएको छ । संघीय संसद सचिवालयका प्रवक्ता एकराम गिरी भन्छन्, 'विभिन्न विधेयकहरु समितिमा विचाराधीन छन् । यसलाई अगाडि बढाउन सभापतिको महत्वपूर्ण भूमिका हुन्छ ।'

प्रतिनिधिसभाको पहिलो अधिवेशनमै सरकारले संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्न बनेको विधेयक, बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐनलाई संशोधन गर्न बनेको विधेयक र सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयक फास्ट ट्र्याकमा पारित गर्ने प्रयास गरेको थियो । तर तीनवटै विधेयक दफावार छलफलका लागि संसदीय समितिमा विचारधीन छन् । सभापति चयन नभएकै कारण ती विधेयक फास्ट ट्र्याकमा अघि बढाउने सरकारको प्रयास असफल भएको हो ।

*(स्रोत: अनलाइनखबर)*

# बालिकाको उपचारमा विद्यालय र विद्यार्थीको सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, २७ असार/ मनहरी गाउँपालिका निवासी ७ वर्षीया बालिका साहिसा स्याङ्तानको उपचारमा उनी अध्ययनरत् विद्यालय र विद्यार्थीले सहयोग गरेका छन् ।



युनिभर्सल लर्निङ एकेडेमी मनहरी-७ ले बालिका साहिसाको उपचारमा ३५ हजार र विद्यार्थीबाट संकलित १५ हजार ४ सय ९५ रुपैयाँ गरी ५० हजार ४ सय ९५ रुपैयाँ परिवारलाई हस्तान्तरण गरेको हो । साहिसा युनिभर्सलमा यूकेजीमा अध्ययनरत रहेकै अवस्थामा एक्कासी अस्वस्थ भएकी थिइन् । विगत एक वर्षदेखि विभिन्न अस्पतालमा उपचार गराइरहेको बालिका बोनम्यारो क्यान्सरबाट पीडित छिन् । बालिकालाई मनहरी गाउँपालिका-७ नम्बर वडाका वडाअध्यक्ष ठाकुर तितुङ्ले व्यक्तिगत ५ हजार रुपैयाँ सहयोग गरे ।

उद्योग वाणिज्य संघ पश्चिम क्षेत्र समिति मनहरीका सभापति गणेशमान मानन्धरले २ हजार रुपैयाँ र टिकटक फ्रेस मिटसपका प्रोपाइटर ईश्वर थापाले १ हजार पाँच सय रुपैयाँ गरी कुल ५८ हजार ९ सय ९५ रुपैयाँ बिरामीका हजुर आमा कलावती घलान स्याङ्तानलाई सहयोग रकम हस्तान्तरण गरिएको हो । वडाअध्यक्ष तितुङ्ले बालिकाको उपचारमा सहयोग गर्न सबैमा अपिल गरे । चिकित्सकका अनुसार तीन पटकसम्म बोन म्यारो ट्रान्सप्लान्ट गर्नुपर्ने र एक पटकमा ७ लाख खर्च लाग्ने जानकारी दिएको परिवारले जनाएको छ । स्थायी घर राक्सिराङ गाउँपालिका वडा नम्बर ४ भएता पनि मनहरी गाउँपालिका वडा नम्बर-७ मनहरी बजारमा बस्दै आएको बालिकाको परिवार आर्थिक रुपले सामान्य रहेको छ ।

# बालबोधमा युवा रेडक्रस सर्कल

साझाकुरा संवाददाता

हेटौंडा, २७ असार/ हेटौंडा उपमहानगरपालिकास्थित बालबोध माध्यमिक विद्यालय हटियामा युवा रेडक्रस सर्कल पुन:गठन गरिएको छ ।

भेलाले अरुणा गर्तौलाको अध्यक्षमा ११ सदस्यीय युवा रेडक्रस सर्कल पुन:गठन गरेको हो । नेपाल रेडक्रस सोसाइटी मकवानपुरका उपमन्त्री शिवहरि दाहालको प्रमुख आतिथ्यता तथा बालबोध माविका शिक्षक नायक शंकर भण्डारीको सभाध्यक्षमा कार्यक्रम भएको थियो । भेलामा उपमन्त्री दाहालले रेडक्रस अभियान, जुनियर युवा रेडक्रसको आवश्यकता र महत्वलगायतका विषयमा विद्यार्थीलाइ प्रशिक्षण दिएका थिए ।



कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी हटिया उपशाखाका सभापति राजकुमार बास्तोला, बालबोध मावि विद्यालय व्यवस्थापन समिति अध्यक्ष प्रदीप अर्याल, प्रधानाध्यापक रमेश रिजाल, उपशाखा सचिव मोहनचन्द्र चौलागाई, कोषाध्यक्ष रामकुमार अर्याललगायतले मन्तव्य व्यक्त गरेका थिए ।

# जनगणनामा त्रुटि भएको पुष्टि, थपिए ७ लाख ७१ हजार ९९८

काठमाडौं / राष्ट्रिय जनगणना २०७८ का दौरान ७ लाख ७१ हजार ९९८ जना व्यक्तिको गणना छुटेको पुष्टि भएको छ । यसअघि जनगणनाको नतिजाले नेपालको जनसंख्या २ करोड ९१ लाख ६४ हजार ५७८ जना देखाएको थियो । राष्ट्रिय जनगणनामा केही त्रुटि भएको छ कि भनेर यसको प्रभावकारिता पत्ता लगाउन गरिने 'गणना जाँच सर्वेक्षण (पीईएस)ले यस्तो देखाएको हो ।

राष्ट्रिय तथ्यांक कार्यालयका निर्देशक ढुण्डीराज लामिछानेका अनुसार जनगणनाको प्रभावकारिता जाँच गर्न यस्तो सर्वेक्षण हुने गरेको छ । सर्वेक्षणबाट पत्ता लागेका जनगणनामा छुट मानिसहरु समेत जोड्दा नेपालको वास्तविक जनसंख्या २ करोड ९९ लाख ३६ हजार ५७६ पुगेको छ ।

'यो सर्वेक्षणको नतिजापछि जनसंख्या २ करोड ९९ लाख पुगेको छ भन्ने मिल्ने भयो', निर्देशक लामिछानेले भने । तर नेपालको जनसंख्याको आधिकारिक तथ्यांकहरुमा भने यसअघि सार्वजनिक भएको २ करोड ९१ लाख ६४ हजार ५७८ नै प्रयोग हुने लामिछानेले बताए ।

यो जनगणनामा कुल २ दशमलव ७३ प्रतिशत त्रुटि देखिएको छ । जसमध्ये छुटपुट २.५८ प्रतिशत छ र दोहोरो गणना ०.१५ प्रतिशत रहेको सर्वेक्षणले देखाएको छ । यस हिसाबले गणना छुट भएको जनसंख्या २ दशमलव ५८ देखिएको र त्यसलाई प्राविधिक रुपमा ठूलो अंश भने नमानिने उनले बताए ।

**त्रिभुवन विश्वविद्यालयले गर्‍यो जाँच सर्वेक्षण**

कार्यालयले २०७८ साल भन्दा अगाडि आफैंले जनगणनाको जाँच सर्वेक्षण गर्दै आएको थियो । सैद्धान्तिक अवधारणा र संयुक्त राष्ट्रसंघको सुझाव अनुसार यस्तो सर्वेक्षण स्वतन्त्र र सो क्षेत्रमा दक्षता प्राप्त निकायबाट गराउनु पर्छ । सोहीकारण २०७८ सालको पूर्णता र शुद्धता मापन गर्न कार्यालयले श्रम अध्ययन कार्यक्रम, त्रिभुवन विश्वविद्यालयलाई यसको जिम्मेवारी दिएको थियो । सोही अनुसार विश्वविद्यालयले जनगणनामा ७ लाख ७१ हजार जना व्यक्तिको जनगणनामा छुट भएको निष्कर्ष निकालेको हो ।

निर्देशक लामिछानेका अनुसार यस्तो सर्वेक्षणले जनगणनामा गणना हुनुपर्ने व्यक्ति छुटेको, दोहोरिएको वा गलत गणना भएको विवरण पत्ता लगाउने उद्देश्य राखेको हुन्छ । जनगणनाको काम २५ कात्तिकदेखि ९ मंसिर २०७८ सालमा भएको थियो । नतिजा जाँच सर्वेक्षणको काम भने २०७८ सालको माघ महिनाको अन्तिम साताबाट सुरु गरी २०७९ साल जेठ मसान्त भित्र सम्पन्न गरिएको थियो । स्थलगत रुपमा भने २०७८ साल चैत १ गतेदेखि १५ गतेसम्म टोली खटिएका थिए ।

**कुन विधिबाट पुगियो निष्कर्षमा ?**

जनगणना जाँच सर्वेक्षण २०७८ नाम दिइएको यो सर्वेक्षणले स्थलगत गणना कार्यको विधि र प्रक्रिया मुल जनगणनाकै अपनाएको बताइएको छ । यसका लागि देशैभर भने गणक पुगेनन् । बरु नमुनाका रुपमा गणना क्षेत्र छनोट गरियो । ती क्षेत्रमा भने जनगणनामा जस्तै पूर्ण गणना गरिएको थियो ।

सर्वेक्षण प्रतिवेदन अनुसार जनगणना २०७८ का गणना क्षेत्रलाई प्राथमिक छनोट एकाई मानेर नमुना गणना क्षेत्र छानिएको थियो । सो अनुसार देशलाई ८ बृहत्तर क्षेत्रमा विभाजन गरिएको थियो । ती ८ क्षेत्रबाट शहरी र ग्रामीण भेगको समुचित प्रतिनिधित्व हुने गरी १०/१० गणना क्षेत्र नमुनाका रुपमा छानिएको थियो । यस अनुसार ८० गणना क्षेत्र छानिए । नमुना क्षेत्रमध्ये शहरी क्षेत्रबाट ५० र ग्रामीण क्षेत्रबाट ३० क्षेत्र छानिएका थिए । हिमाल, पहाड र तराई सबै क्षेत्रलाई नमुनामा समेटिएको प्रतिवेदनले देखाएको छ ।

प्रतिवेदन अनुसार गणना जाँच सर्वेक्षणमा मुल जनगणनामा प्रयोग भएको प्रश्नावलीको छोटकरी रुप तयार गरी सोधिएको थियो । यसरी आएको निष्कर्षका आधारमा देशभर छुटेको जनसंख्याको नतिजा निकालिएको सर्वेक्षण नतिजा प्रतिवेदनमा उल्लेख छ ।

**शहरका धेरै**

सर्वेक्षणको नतिजाले शहरी इलाकामा बढी मानिस जनगणनामा छुटेको पाइएको छ । ७ लाख ७१ हजार ९९८ जनामध्ये शहरमा ५ लाख ८५ हजार ७८२ र ग्रामिण क्षेत्रमा १ लाख ८६ हजार २१६ जना व्यक्ति जनगणनामा छुटेका छन् । *(स्रोत:अनलाइनखबर)*

# त्रिविले अनलाइनबाटै माग्यो शिक्षक-कर्मचारीको सम्पत्ति विवरण



काठमाडौं / त्रिभुवन विश्वविद्यालय, रजिष्ट्रारको कार्यालयले त्रिवि पदाधिकारी, शिक्षक, कर्मचारीलाई अनलाइनबाट सम्पति विवरण बुझाउन निर्देशन दिएको छ ।

आथिर्क वर्ष सुरू भएको ६० दिनभित्र सम्पति विवरण भर्नुपर्ने नियमानुसार आ.व.२०८०/८१ को विवरण गत वर्ष जस्तै राष्ट्रिय सतर्कता केन्द्रले तयार गरेको अनलाइन सफ्टवेयरमा सम्बन्धित कार्यालयबाटै सम्पत्ति विवरण बुझाउन निर्देशन दिएको हो । साथै जिल्लाका कार्यालयका पदाधिकारी, शिक्षक, कर्मचारीलाई भदौ २० गतेभित्र सम्पति विवरण बुझाउन अनुरोध गरेको छ ।

कार्यालयले सूचना जारी गर्दै अनलाइन सफ्टवेयरमा सम्पत्ति विवरण बुझाउने, ढिलो बुझाउने र नबुझाउने पदाधिकारी, शिक्षक, कर्मचारीको विवरण भर्नुपर्ने व्यवस्था गरिएको जानकारी दिएको छ ।

केन्द्रीय कार्यालय बाहेकका कार्यालय, क्याम्पस, विभागहरुले पदाधिकारी, शिक्षक, कर्मचारीहरुको सम्पत्ति विवरण लाह छाप गरी बुझी लिई, बुझी लिएको विवरण अनलाइन सफ्टवेयरमा आ.व.२०७९/८० को सम्पत्ति विवरण २०८० भदौ २० गतेभित्र भरिसक्न र त्यसको जानकारी कर्मचारी प्रशासन महाशाखामा उपलब्ध गराउन अनुरोध गरेको छ ।

यदि कसैले २०८० भदौ २२ गतेदेखि २८ गतेसम्म बुझाउन ल्याएमा बुझिलिइ सोही दिन नै अनलाइन सफ्टवेयरमा प्रविष्ट गर्न कार्यालयले अनुरोध गरेको छ ।

# राजु मास्टर, बल्छी धुर्वे सहितका कलाकारलाई ५ हजार धरौटीमा छाड्न आदेश

काठमाडौं / अनलाइन सट्टेबाजी गराउने वेबसाइट वान एक्स बेटको प्रचार गरेको आरोपमा पक्राउ परेका कलाकार मरिचमान श्रेष्ठ (बल्छी धुर्वे), राजु पौडेल (राजु मास्टर) सहितका कलाकारलाई ५ हजार रुपैयाँ धरौटीमा छाड्न अदालतले आदेश दिएको छ ।



जिल्ला अदालत, काठमाडौंले सट्टेबाजीको प्रचार गरेको अभियोगमा पक्राउ परेका उनीहरुलाई धरौटीमा छाड्न आदेश दिएसँगै कलाकारहरुलाई छाडिएको जिल्ला प्रहरी कार्यालय, काठमाडौंका एसपी सीताराम रिजालले बताए ।

प्रहरीको उपत्यका अपराध अनुसन्धान कार्यालय, बानेश्वरले सट्टेबाजी गराउने वेवसाइटको प्रचारमा संलग्न रहेको आरोपमा बल्छी धुवे र राजुमास्टरसँगै जलन घर्तीमगर, अलिश राई गणेश देवकोटा, बेगम नेपाली, रोशन खतिवडा र सरोज घिमिरेलाई पनि पक्राउ गरेको थियो । उनीहरुलाई विज्ञापन नियमन गर्ने ऐन २०७६ को दफा ५ को उपदफा २ (ढ) र दफा २५ को उपदफा १ बमोजिम कसुर गरेको अभियोग छ ।

उक्त अभियोग अनुसार उनीहरुलाई विज्ञापन नियमन ऐनकै दफा २५ को उपदफा २ अनुसार सजाय माग गरिएको छ । जसमा एक वर्षसम्म कैद र १० हजार रुपैयाँसम्म जरिवाना हुने व्यवस्था छ ।

सट्टेबाजी गराउने एजेन्ट भनिएका दिनेश खड्का र अनिता धितालला चाहिँ १० लाख रुपैयाँ धरौटी अदालतले मागेको छ । यो प्रकरणमा संलग्न कुशल पोखरेल फरार छन् ।

जिल्ला सरकारी वकिल कार्यालयले दिनेश खड्का र अनिता धितालले नेपाल राष्ट्र बैंक ऐन २०५८ को दफा ९५ को उपदफा १ र २ बमोजिम कसुर गरेको भन्दै ६४ करोड ९४ लाख २९ हजार ८२० रुपैयाँ बिगो मागदाबी गरेको थियो ।

सूचना ! सूचना !! सूचना !!!

हेटौंडाको चिरपरिचित फार्मेसी **देउराली फर्मा** यहि २०८० असार २३ गते शनिबारबाट हेटौंडा-३ बसामाडीमा सञ्चालन गरिएको सम्पूर्ण ग्राहक बन्धुलाई सहर्ष जानकारी गराउदछौं । ग्राहकलाई पर्न गएको असुविधा प्रति क्षमाप्रार्थी छौं ।

प्रो. हिरालाल श्रेष्ठ
**देउराली फर्मा**
हेटौंडा उ.म.न.पा.-३ बसमाडी
सम्पर्क : ०५७-५२५८६३, ९८६५०१२५८८

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

साझाकुरा

"तपाईं, हामी सबैको कुरा"

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।


हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा राष्ट्रिय दैनिक

वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।

www.sajhakuranews.com



# बागमतीमा ४१ हजार, मकवानपुरमा ७ हजार बढी गाईभैंसी संक्रमित

साझाकुरा संवाददाता

हेटौंडा, २७ असार/ बागमती प्रदेशमा 'लम्पी स्कीन' रोगको संक्रमणबाट हालसम्म ४० हजार भन्दा बढी गाईभैंसी संक्रमित भएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जानकारी दिएको छ ।



केही महिना अघिदेखि देखिएको संक्रमणबाट प्रदेशका १३ जिल्लाका ४० हजार ३७२ गाई भैसीमा संक्रमण पुष्टि भएको छ भने संक्रमणबाट एक हजार २४८ गाई भैंसीको मृत्यु भएको प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालय हेटौंडाले जनाएको छ । मन्त्रालयका अनुसार, ६१७ बाच्छाबाच्छी, ३५ हजार ६७८ गाई, ३ हजार ३०९ गोरु र ७५९ भैसीमा संक्रमण पुष्टि भएको छ भने ४६ बाच्छाबाच्छी, १ हजार ८६ गाई, १०३ गोरु र १३ भैसी संक्रमणका कारण मृत्यु भएको छ ।

लम्पी स्कीन रोगको संक्रमणबाट सबैभन्दा बढी धादिङका गाईभैसी प्रभावित बनेका छन् । त्यहाँ ६१७ बाच्छाबाच्छीसहित ९ हजार ५४९ गाईभैसीमा संक्रमण देखिएको छ । जसमा गाई ५ हजार २१२, गोरु ३ हजार ३०९ र भैंसी ४११ रहेका छन् । रोगको संक्रमणका कारण धादिङमा ४६ बाच्छाबाच्छी, ९३ गाई, १०२ गोरु र ११ भैंसी गरी कुल २५२ पशुवस्तु मरेका छन् । त्यस्तै, चितवन ६ हजार ५३९ गाई र २६० भैसी गरी ६ हजार ७९९ गाई भैंसीमा संक्रमण पुष्टि भएको छ भने १७६ गाई मरेका छन् ।

मकवानपुरमा ७ हजार २८२ गाई र १३ भैंसी गरी ७ हजार २९५ गाई भैंसीमा रोगको संक्रमण पुष्टि भएको छ भने २७४ गाई संक्रमणका कारण मरेका छन् । नुवाकोटमा ६ हजार १ गाईमा संक्रमण पुष्टि हुँदा १७८ गाई संक्रमणका कारण मरेका छन् । त्यसैगरी, रोगको संक्रमणबाट सिन्धुली ३२४ गाईमा संक्रमण देखिएको छ भने ९ गाई मरेको मन्त्रालयको तथ्याङ्कमा उल्लेख छ । तथ्याङ्क अनुसार, काठमाडौंमा ९३९ गाई र ३ भैंसी गरी ९४२ गाई भैंसीमा संक्रमण पुष्टि हुँदा ९० गाई र २ भैंसी गरी ९२ गाई भैंसी मरेका छन् । ललितपुरमा ५३८ गाई र ७ भैंसीमा गरी ५४५ गाई भैंसीमा संक्रमण पुष्टि भएको छ । जसमध्ये २१ गाई रोगको संक्रमणका कारण मरेका छन् ।

भक्तपुरमा ८३० गाईमा संक्रमण देखिएको छ भने १८ गाई मरेका छन् । यसैगरी, काभ्रेमा १२१ गाई र १० भैंसी गरी १३१ गाई भैंसीमा संक्रमण देखिएको छ भने ४ वटा गाई रोगको संक्रमणबाट मरेका छन् । रसुवामा २३४ गाईमा संक्रमण देखिएको छ भने १५ गाई संक्रमणका कारण मरेका छन् । रामेछापमा २१६ गाईमा संक्रमण देखिंदा एक गाई मरेको छ ।

त्यस्तै, दोलखामा ३ हजार १५६ गाई र २५ भैंसी गरी ३ हजार १८१ गाईभैंसीमा संक्रमण पुष्टि भएको छ । जसमध्ये ५१ वटा गाई संक्रमणका कारण मरेका छन् । सिन्धुपाल्चोकमा ४ हजार २९५ गाई र ३० भैंसी गरी ४ हजार ३२५ गाई भैंसीमा संक्रमण पुष्टि भएको छ । जसमध्ये १५७ गाई रोगको संक्रमणका कारण मरेका छन् ।

# विकासमा कमजोर...

यो मन्त्रालयले कुल विनियोजित बजेटको ८४ प्रतिशत (७ अर्ब ७४ करोड ३५ लाख रुपैयाँ) बजेट खर्च गरेको छ । धेरै बजेट खर्च गर्ने दोस्रो मन्त्रालयमा वन तथा वातावरण मन्त्रालय छ । वन तथा वातावरण मन्त्रालयले कुल विनियोजित बजेटको ७६ प्रतिशत (२ अर्ब ५५ करोड ५९ लाख रुपैयाँ) बजेट खर्च गरेको छ । सामाजिक विकास मन्त्रालयले कुल निनियोजित बजेटको ७५ प्रतिशत (२ अर्ब ७६ करोड ५७ लाख रुपैयाँ), भौतिक पूर्वाधार विकास मन्त्रालयले ६९ प्रतिशत (१५ अर्ब ३६ करोड ५२ लाख रुपैयाँ), कृषि तथा पशुपन्छी विकास मन्त्रालयले ६९ प्रतिशत (२ अर्ब ७६ करोड ४६ लाख रुपैयाँ), स्वास्थ्य मन्त्रालयले ६८ प्रतिशत (३ अर्ब १४ करोड ६६ लाख रुपैयाँ) खर्च गरेका छन् ।

यसैगरी, आन्तरिक मामिला तथा कानुन मन्त्रालयले ६६ प्रतिशत (५० करोड २३ लाख रुपैयाँ), श्रम रोजगार तथा यातायात मन्त्रालयले ६२ प्रतिशत (५० करोड ४४ लाख रुपैयाँ), आर्थिक मामिला तथा योजना मन्त्रालयले ६० प्रतिशत (१४ करोड ७६ लाख रुपैयाँ), उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले ५२ प्रतिशत (३० करोड ५५ लाख रुपैयाँ), संस्कृति तथा पर्यटन मन्त्रालयले ६७ प्रतिशत (१ अर्ब २५ करोड ९३ लाख रुपैयाँ) र मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालयले ५६ प्रतिशत (३५ करोड ९ लाख रुपैयाँ) बजेट खर्च गरेका छन् ।

प्रदेशसभा सचिवालयले कुल विनियोजित बजेटको ५२ प्रतिशत (१८ करोड ६६ लाख रुपैयाँ), प्रदेश सरकारले स्थानीय तहमा हस्तान्तरित विभिन्न अनुदान रकमको ९७ प्रतिशत (८ अर्ब ४२ करोड ३९ लाख रुपैयाँ) खर्च भएको छ । सार्वजनिक खरिद ऐन, विकास निर्माणका मोडल र खर्च गर्ने पद्दतिमा सुधार गर्नुपर्ने अवस्था देखिएको छ । कानूनी जटिलताका कारण बजेट खर्च नभएको बिषयमा बहस गर्नु जरुरी देखिन्छ ।

# बसपार्क निर्माण सुरु नै नभई अख्तियारमा उजुरी

साझाकुरा संवाददाता

हेटौंडा, २७ असार/ मनहरी गाउँपालिकामा बसपार्क निर्माण सुरु नै नभई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय हेटौंडामा उजुरी परेको छ ।



बसपार्कको डीपीआर निर्माण भएर बजेट व्यवस्थापनको चरणमै रहेको अवस्थामा अख्तियारमा उजुरी परेको हो । अख्तियारमा सामान्यतया: निश्चित कार्यमा खर्च भइसकेकोपछि वा काम जारी नै र हँदा कुनै अनियमितता देखिए उजुरी पर्ने गरेका छन् । तर, मनहरीमा आयोजना निर्माण सुरु नै नभई उजुरी परेको हो । मनहरी गाउँपालिका-८ बेलुवा क्षेत्रमा निर्माण गर्ने भनिएको बसपार्क र अन्य भौतिक पूर्वाधारहरु रोख्ने उद्देश्यले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेको हो ।

मनहरी गाउँपालिकाले राजमार्गबाट दक्षिणतर्फ पर्ने बेलुवा बगरक्षेत्रमा ५ करोड रुपैयाँ लगानी गरेर बसपार्क, पेट्रोल पम्प, पाहुना घर, पार्कलगायतका संरचना निर्माण गर्नेगरी डीपीआर गरेको थियो । डीपीआरअनुसार योजना कार्यान्वयनका लागि मनहरी गाउँपालिका र ८ नम्बर वडा कार्यालयले बागमती प्रदेश सरकारसँग बजेट व्यवस्थापनका लागि माग गरेको थियो । तर, बजेटको व्यवस्था नहुँदै अख्तियारमा उजुरी हालेर मनहरी-८, स्थित नदीउकास जमिन क्षेत्रमा बसपार्क सहितका संरचना बन्न नदिन षड्यन्त्र रचिएको ८ नम्बर वडाका वडाअध्यक्ष नारायण उप्रेतीले गुनासो गरे ।

वडाध्यक्ष उप्रेतीले गाउँको विकास निर्माणको काम रोक्न खोजेर व्यक्तिगत दुराशय व्यक्त गर्दै अख्तियारमा उजुरी गरिएको आरोप लगाए । बेनामो उजुरी परेकाले एक दिन पर्दाफास हुने उनको दाबी छ । उजुरीमा बेलुवा क्षेत्रमा बसपार्क निर्माण गर्न नपर्ने व्यहोरा उल्लेख छ । पूर्व-पश्चिम राजमार्गको हेटौंडा र भरतपुरमा बसपार्क रहेकाले मनहरीमा बसपार्क बनाउन उपयुक्त नरहेको उजुरीमा भनिएको छ । नदीको उकास जमिन भएकाले सुरक्षित नरहेको र विकास बजेट दुरुपयोग हुने निश्चित जस्तै भएकाले बजेट बिनियोजन गर्न नहुनेतर्फ बागमती प्रदेश सरकारलाई सचेत पार्नुपर्ने तर्क उजुरीमा गरिएको छ ।

जबकी, वडाध्यक्ष उप्रेती सहित निवर्तमान सांसद ओमबहादुर ग्लान, राक्सिराङ गाउँपालिका, कैलाश गाउँपालिकाका जनप्रतिनिधिहरु पनि मनहरी-आदमघाट छोटो दूरीको सडक सम्पन्न हुने बित्तिकै मनहरीमा बसपार्क बन्न जरुरी छ भनेर पहलमा लागेका थिए । तत्कालीन प्रदेश सांसद ग्लानले बसपार्क निर्माण कार्य अघि बढाउन तारबार लगायतका काम गर्नका लागि आफ्नै पहलमा ३० लाख बजेट बिनियोजन गराए पनि वडाभित्रै अनेक विवादहरु झिकेर कार्यान्वयन हुन नदिएर फिर्ता पठाइएको बताए ।

उजुरीमा बसपार्क निर्माणको बहनामा मनहरी गाउँपालिका अध्यक्ष रन्जन कालाखेती र ८ नम्बर वडाध्यक्ष उप्रेतीले आफ्नो बालुवा तथा क्रसर उद्योगहरुको सञ्चालनका लागि सरकारी बजेट पार्न खोजिएको आरोप लगाइएको छ । अख्तियारले उजुरीका सम्बन्धमा के कसो भएको हो ? भनी मनहरी गाउँपालिकासँग जवाफ माग गरिसकेको छ । हाल नदीउकास भनिएको जग्गा तत्कालीन सरकारले २०५० सालको बाढीबाट क्षतिग्रस्त भएपछि मुआब्जा दिएको जग्गा हो । यो क्षेत्रमा जग्गाको मुआब्जा लिन बाँकी जग्गाधनीहरु अझै छन् । पर्सा वन्यजन्तु आरक्षको मध्यवर्ती क्षेत्रमा पर्ने खाली जग्गामा भूभागहरु अतिक्रमण हुने गरेको छ ।

# एसईई उत्कृष्ट सिद्धार्थका विद्यार्थी पुरस्कृत



साझाकुरा संवाददाता

हेटौंडा, २७ असार/ एसईई परीक्षामा उत्कृष्ट भएका विद्यार्थीलाई हेटौंडा उपमहानगर पालिका वडा नम्बर २, स्थित सिद्धार्थ माध्यमिक विद्यालय र वडा कार्यालयले पुरस्कृत गरेको छ ।

२०७९ सालको एसईई परीक्षामा 'ए' प्लस ल्याएका तथा उत्कृष्ट भएका विद्यार्थीलाई विद्यालय र २ नम्बर वडा कार्यालयले पुरस्कृत गरेको हो । विद्यालयबाट छात्र भूषण दाहाल सर्वोत्कृष्ट भएका थिए । वडा कार्यालयले जिपीए 'ए' प्लस ल्याउने विद्यार्थीलाई नगद १० हजार र विद्यालयले ५ हजार तथा 'ए' ल्याउनेलाई प्रशंसापत्रले सम्मान प्रदान गरिएको थियो । परीक्षामा सहभागी १ सय ८५ जना विद्यार्थीमध्ये 'ए' प्लस ल्याउने ९ जना, 'ए' ल्याउने २२ जना, 'बी' प्लस ल्याउने ३२ जना, 'बी' ल्याउने ४८ जना, 'सी' ल्याउने ४६ जना र 'सी' प्लस ल्याउने २८ जना रहेको विद्यालयले जनाएको छ ।

सम्मान तथा पुरस्कार वितरण कार्यक्रममा वडाअध्यक्ष विष्णुगोपाल महर्जनले २०८० को एसईई नतिजामा 'ए' प्लस हासिल गर्नेलाई नगद १५ हजारले सम्मान गर्ने प्रतिबद्धता जनाए । शिक्षा विकास समन्वय इकाई मकवानपुरका प्रमुख दिनानाथ गौतमले जिल्लाकै उत्कृष्ट मानिएको विद्यालयको नतिजाले सबैलाई खुसी तुल्याएको दाबी गरे । उनले शिक्षक र विद्यार्थीको सहकार्यले नतिजा सम्भव भएको बताएका छन् । विद्यालयले एसईई उत्तीर्ण विद्यार्थी र अभिभावकलाई परामर्श समेत गरेको थियो ।

वन विज्ञान अध्ययन संस्थान हेटौंडाका प्राध्यापक कृष्णप्रसाद दाहाल र सिद्धार्थ माविमा कानुन विषय अध्यापनरत अधिवक्ता मनप्रसाद भट्टराईले विषयगत जानकारी सहित परामर्श गराएका हुन् । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बलराम घिमिरेको अध्यक्षतामा भएको कार्यक्रममा विद्यालयका प्रधानाध्यापक मोहनप्रसाद शर्मा, हेटौंडा-२ नम्बर वडासदस्य सुरज बर्तौला, विद्यालय व्यवस्थापन समितिका सदस्यहरु रामचन्द्र बर्तौला, ज्ञानु महरा, सरिता दाहाल, लक्ष्मी श्रेष्ठ, पीटीए अध्यक्ष भीमकुमार श्रेष्ठलगायतको आतिथ्यता थियो ।

# कोठाभित्र पटेल मृत फेला

हेटौंडा, २७ असार/ मकवानपुरको हेटौंडा उपमहानगर पालिका वडा नम्बर १९ मा बुधवार बिहान एक जना मृत अवस्थामा फेला परेका छन् ।

पर्साको वीरगंज उपमहा नगरपालिका-२४, रामगढवा स्थायी घर भई हाल हेटौंडा-१९ स्थित राम गोलेको घरमा डेरा गरी बस्ने अन्दाजी ३० वर्षीय मनोज पटेल मृत अवस्थामा फेला परेको मकवानपुरका प्रहरी नायवउपरीक्षक टेकबहादुर कार्कीले जानकारी दिए । प्रहरी नायवउपरीक्षक कार्कीका अनुसार, पटेल आफ्नै कोठाभित्र फलामको डण्डीमा कपडाको पासो लगाई झुण्डिएको अवस्थामा मृत फेला परेको हो । प्रहरीले घटनाका बारेमा आवश्यक अनुसन्धान गरिरहेको छ ।

# कोरा साइकल च्यालेन्ज असार ३० मा हुने

साझाकुरा संवाददाता

हेटौंडा, २७ असार/ लामो समयदेखि साइकल अभियानमा क्रियाशील अभियानकर्मीहरुको संस्था हिमालयन राइडर्स सोसाइटीले शनिबार हेटौंडामा कोरा साइकल च्यालेन्ज गर्ने भएको छ ।

करिव २ वर्ष अघि हेटौंडामा स्थापना भएको हिमालयन राइडर्स सोसाइटी मकवानपुरले असार ३० मा कोरा च्यालेन्ज आयोजना गर्न लागेको हो । सोसाइटीले यो दोस्रो संस्करणको रुपमा कोरा च्यालेन्ज गर्न लागेको हो । संसार भर जुलाई १६ मा आयोजना हुने कोरा च्यालेन्ज नेपालभर र हेटौंडामा पनि एकदिन अगाडि नै आयोजना गर्न लागेको हो ।

बिशेषगरी धार्मिक क्षेत्रको पर्यटकीय सम्भावनाको उजागर गर्ने उद्देश्यले आयोजना गरिने कोरा च्यालेन्ज शनिबार बिहान ६:०० बजे हेटौंडा-४ हुप्राचौरस्थित पशुपतिनाथ मन्दिरबाट सुरुभई रानीमन्दिर, कुष्माण्ड सरोवर त्रिबेणीधाम, रामहनुमान मन्दिर, ब्रम्हकुमारी राजयोग, सन्तोषिमा, रत्नकाली, दक्षिणकाली, मुक्तिनाथ, मुक्तेश्वर, बुढानीलकण्ठ, कल्याणेश्वर, लक्ष्मीनारयण, कृष्णप्रणामी, बनस्खण्डी, दक्षिणकाली, रुद्रेश्वर, पुण्यक्षेत्र, गोरक्षश्वर, जलेश्वरलगायत २० वटा मन्दिर परिक्रमा गरिँदैछ ।

सोसाइटीले बुधबार भुटनदेवी मन्दिर परिसरमा पत्रकार सम्मेलन आयोजना गरी कोरा च्यालेन्जको जानकारी दिएको हो । २० वटा भन्दा बढी मन्दिर परिक्रमा पछि भुटनदेवी मन्दिरमा कार्यक्रमको समापन गरिने सोसाइटीका अध्यक्ष रामकुमार श्रेष्ठले जानकारी दिए । कोरा च्यालेन्जका सहभागी साइकल यात्रीलाई हेटौंडा उपमहानगरका वडा नं १,२,४,५ का कार्यालय, बिभिन्न मन्दिर ब्यवस्थापन समितिहरुले स्वागत गर्नेछन् । कोरा राइडर्सलाई नेपाल टेलिकम हेटौंडा शाखाले मुख्य प्रायोजन गर्दैछ भने होटल स्मारक सहप्रायोजकको भूमिका निर्वाह गर्दैछ ।

करिव २५ किमि धार्मिक साइकल यात्रा गर्न कम्तिमा ८ वर्षदेखि ७० वर्षसम्मका करिव २०० जना साइकलयात्री सहभागी हुने सोसाइटीका अध्यक्ष श्रेष्ठले जानकारी दिएका छन् । कोरा च्यालेन्जको मुख्य आकर्षणको रुपमा यो वर्ष हेटौंडा-१ को महिला १८ जनाको समूहले पञ्चैबाजा बजाएर साइकल ¡्यालीलाई साथ दिदैंछन् । कोरा च्यालेन्जमा सहभागी हुने सबै साइकलयात्रीलाई टिसर्ट, स्कार्फ, मेडल, प्रमाणपत्र प्रदान गरिने अध्यक्ष श्रेष्ठले जानकारी दिए ।

यो कोरा च्यालेन्ज कार्यक्रम सम्पन्न गर्न करिब ४ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको सोसाइटीका प्रेस सल्लाहकार भानुभक्त आचार्यले जानकारी दिएका छन् । कार्यक्रममा भुटनदेबी मन्दिर ब्यवस्थापन समितिका अध्यक्ष राममान श्रेष्ठ, सोसाईटीका सल्लाहकार चेतनाथ आचार्य, सोसाइटीका पदाधिकारीहरु सहभागी थिए ।

# हेटौंडाबाट अवैध खुद्रा सामान बरामद

साझाकुरा संवाददाता

हेटौंडा, २७ असार/ जिल्ला प्रहरी कार्यालय मकवानपुरले बुधबार हेटौंडा उपमहानगरपालिका वडा नम्वर १५, रातोमाटेबाट अवैध खुद्रा सामान बरामद गरेको छ ।

रातोमाटेस्थित प्रहरीचौकी अगाडि चेकप्पाइन्टमा प्रहरी वरिष्ठ नायवनिरीक्षक मञ्जुकुमारी रानाको कमाण्डमा खटिएको चेकिङ टोलिले विभिन्न सुमो गाडीहरु र यात्रुबाहक बसलाई चेकजाँच गर्ने क्रममा बिल नभएको ५३ हजार रुपैयाँ बराबरको खुद्रा सामान बरामद गरेको हो ।

प्रहरीले वीरगंजबाट काठमाडौंतर्फ जाँदै गरेको ना.१ ज.७०५२ नं.को सुमो गाडीबाट काजु १०० ग्राम को-१२३ प्याकेट र २०० ग्राम को-६० प्याकेट, चुपचाप चकलेट-१० प्याकेट बरामद गरेको छ । यस्तै, कलैयाबाट काठमाडौंतर्फ जान आउँदै गरेको ना. १ ज.५६५७ को सुमो गाडीबाट ओरियो बिस्कुट-४४ प्याकेट, राज निवास सेट-१९ प्याकेट बरामद गरेको प्रहरीले जनाएको छ ।

यसैगरी, प्रहरीले वीरगंजबाट काठमाडौंतर्फ जाँदै गरेको ना. १ ज.५४१८ .को सुमो गाडीबाट रेडबुल २ काटुन (२३ वटा र २४ वटा भएको ) बरामद गरेको छ भने जनकपुरबाट काठमाडौंतर्फ जाँदै गरेको प्रदेश २-०३-००१ ख १०२७ नं.को यात्रुबाहक बसबाट अण्डा-५ काटुन (१ काटुनमा ८ क्यारेट भएको) बरामद गरेको छ ।

# कैलाशका मोक्तान सिन्धुलीबाट पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, २७ असार/ जिल्लाको विकट कैलाश गाउँपालिका वडा नम्बर १० बस्ने ३२ वर्षीय रामसिंह मोक्तान सिन्धुलीबाट पक्राउ परेका छन् ।

मोक्तानलाई प्रहरीले लागूऔषध गाँजा र नगदसहित पक्राउ गरेको हो । उनी सिन्धुलीको कमलामाई नगरपालिका वडा नम्बर ९ भिमानबाट पक्राउ परेका हुन् । विशेष सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय भिमानबाट खटिएको प्रहरीले अवैध लागूऔषध गाँजा करिब १ सय ५५ केजी (डेढ क्वीन्टल) र नगद २ लाख रुपैयाँसहित मोक्तानलाई पक्राउ गरेको हो ।

काठमाडौंबाट महोत्तरी तर्फ जाँदै गरेको बा २० च ९८३ नम्बरको हात्तिगाडीलाई जाँच गर्ने क्रममा गाडीको पछाडी ढालाको तल सेफ बनाई लुकाएर ल्याएको गाँजा फेला पारी गाडीका चालक मोक्तानलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ ।







## सम्पूर्ण ब्राण्डका गाडी
### एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम



**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३



## शिक्षक आवश्यकता

*सूचना प्रकाशित मिति : २०८०।०३।२८*

उपरोक्त सम्बन्धमा यस विद्यालयमा प्राथमिक तहको राहत अनुदान कोटा शिक्षक संख्या १ रिक्त रहेकोले सो कोटामा शिक्षक पदपूर्ति गर्न हेटौंडा उपमहानगरपालिकाको च.नं. १०९७६ को मिति २०८०।०३।२६ को सिफारिस र शिक्षा विकास तथा समन्वय ईकाई मकवानपुरको च.नं. १७६७ को मिति २०८०।०३।२६ अनुमति पत्र र विद्यालय व्यवस्थापन समितिको मिति २०८०।०३।२७ गतेको निर्णय अनुसार तपशिल बमोजिमको शिक्षक नियुक्ति गर्नुपर्ने भएकोले निम्न योग्यता भएका इच्छुक उम्मेदवारहरुबाट दरखास्त आव्हान गर्नको लागि यो विज्ञापन प्रकाशित गरिएको छ ।

**तपशिल**:
विज्ञापन नं. : ०१-२०७९/०८०
तह : प्राथमिक तह (राहत अनुदान कोटा)
पद संख्या : १ (एक)
उमेर : १८ वर्ष पूरा भई ४० ननाघेको ।
शैक्षिक योग्यता : प्रवीणता प्रमाणपत्र तह वा सो सरह
तलब स्केल : नेपाल सरकारको नियम अनुसार
दरखास्त दस्तुर : १०००।- (एक हजार मात्र जम्मा गरेको भौचर प्रति) ने.बैं.लि. च.हि.नं. ०२५००१००४४२४५५००००१
परीक्षाको किसिम: लिखित, मौखिक, अन्तरवार्ता र आवश्यकता अनुसार प्रयोगात्मक
दरखास्त दिने अन्तिम मिति: २०८०/०४/११ गते बेलुका ४:०० बजेसम्म
सम्पर्क मिति : २०८०/०४/१२ गते बेलुका ४:०० बजेसम्म
परीक्षा हुने मिति : सम्पर्क मितिमा तोकिने छ ।
दरखास्त दिने स्थान : श्री जीवन ज्योति आधारभूत विद्यालय, हेटौंडा-१९, लेखपानी
सम्पर्क नं. : ९८४५२३४७६९(प्र.अ), ९८६९८८०२९१ (वि.व्य.स. अध्यक्ष)

**आवश्यक कागजातहरु** :
क) नेपाली नागरिकताको प्रतिलिपि २ थान
ख) शैक्षिक योग्यता प्रमाणपत्रहरुको प्रतिलिपि २ थान
ग) स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि २ थान
घ) हस्तलिखित निवेदन १ थान

**नोट:** प्राथमिक तहमा शिक्षक सेवा आयोगको मकवानपुर जिल्लाको करार सूचीमा सिफारिस भएका उम्मेदवारले ७ दिनभित्र विद्यालयमा सम्पर्क राख्नुहुन अनुरोध छ । (करार सूचीको दरखास्त पर्न आएमा अन्य उम्मेदवारको दरखास्त फिर्ता हुनेछ ।)

**श्री जीवन ज्योति आधारभूत विद्यालय**
हेटौंडा उपमहानगरपालिका-१९, लेखपानी



बागमती प्रदेश सरकार
श्रम, रोजगार तथा यातायात मन्त्रालय
**यातायात व्यवस्था कार्यालय, हेटौंडा**
मकवानपुर, नेपाल

## यातायात व्यवस्था कार्यालय, हेटौंडाको सूचना

- यातायात व्यवस्था कार्यलय, हेटौंडाको सूचनाभाडामा चल्ने सवारी साधनको प्रत्येक ६-६ महिनामा सवारीको भौतिक अवस्था परिक्षण गरी यातायात व्यवस्था कार्यलयबाट जाँचपास प्रमाण-पत्र लिने गरौं ।
- सवारी चालक अनुमतिपत्र नविकरण गर्दा यस प्रदेशवाट जारी भएको हुनुपर्नेछ वा यस प्रदेश भित्र स्थायी बसोबास गरेको प्रमाण खुल्ने कागज पेश गर्नुपर्नेछ ।
- अन्यत्र कार्यालयबाट जारी भएको सवारी चालक अनुमतिपत्र नविकरण गर्नको लागि सो को अभिलेख Online मा देखिएको हुनुपर्नेछ ।
- सवारी चालक अनुमतिपत्र तथा सवारी दर्ता प्रमाणपत्रको प्रतिलिपि सो जारी भएको कार्यालयबाट मात्र प्राप्त गर्न सकिन्छ ।
- भाडामा चल्ने सावरी साधनहरुले बाटो ईजाजत पत्र अनिवार्य रुपमा यातायात व्यवस्था कार्यलयहरुवाट लिने र समयमै नविकरण गर्ने गरौं । समयमा कर तिरौं, जरिवानाबाट बचौं ।


साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना